निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले पाल्पा जिल्लाको छहरामा

# ग्राहक सदस्यहरुको लागि ब्यवसायिक उन्नत बाख्रापालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले आफ्ना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ मंसिर २३ गतेदेखि २५ गतेसम्म पाल्पा जिल्लाको छहरामा “ब्यवसायिक उन्नत बाख्रापालन तालिम” सम्पन्न गरेको छ । उक्त तालिममा छहरा शाखाका २३ जना ग्राहक सदस्यहरुको सहभागिता रहेको संस्थाका छहरा शाखाका शाखा प्रमुख ज्ञान बहादुर दर्लामीले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरुमा पशु सेबा कार्यालय छहराका नारायण दर्लामी र टुइकंल के.सी. रहेका थिए ।

रैनादेवी छहरा बडा नं. ४ का बडाध्यक्ष बिष्णु पोखरेलले पानसमा दीप प्रज्ज्वलन गरी उदघाटन भएको कार्यक्रमको शाखा प्रमुख ज्ञान बहादुर दर्लामीले अध्यक्षतामा गरेका थिए । वडाध्यक्ष विष्णु पोखरेल, अभिभाबक देवी प्रसाद पौडेलले मन्तब्य दिएका थिए । क्षेत्रीय कार्यालय भैरहबाका क्षेत्रीय प्रमुख शम्भु न्यौपानेले सस्थाको वित्तीय अवस्था तथा संस्थाले प्रदान गर्ने सेवा सुविधाको बारेमा जानकारी दिएका थिए । तालिमको समापन सत्रमा सहभागीहरुको तर्फबाट गोमा अर्याल र भिमा खत्रीले तालिमबाट आफूहरुले धेरै कुरा सिक्न पाएको बताउँदै समाजमा अन्य क्षेत्रको विकास सम्बन्धी तालिमहरुको समेत आवश्यकता रहेको जनाएका थिए । यस तालिम फाईदाजनक तालिम रहेको ग्राहक सदस्यहरुले बताएका थिए । संस्थाले विभिन्न किसिमका तालिमहरु प्रदान गर्दै आफ्नो ग्राहक सदस्यहरुको आर्थिक विकास, सामाजिक विकास गर्दै आएकोमा सहभागीहरुले खुसी ब्यक्त गरेका थिए । समापन सत्रमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड शाखाका प्रमुख ज्ञान बहादुर दर्लामीले सहभागीहरुलाई तालिमबाट सिकेको सीप ज्ञानको प्रयोग गर्दै आगामी दिनमा सफल उद्यमी बन्न शुभकामना दिएका थिए । तालिमकै क्रममा क्षेत्रीय कार्यालय भैरहबाका क्षेत्रीय प्रमुख शम्भु न्यौपानेले संस्थाले एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको र संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिइ ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको बताएका थिए ।

यो निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई बिना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम, उद्यमशीलता विकास तालिम, वित्तीय साक्षरता विकास तालिम, ब्यवसाय विकास तालिम कार्यक्रम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ । संस्थाले २०७५ कार्तिक मसान्तसम्ममा ३ लाख २८ हजार ९०६ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ कार्तिक मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १६ अरब ११ करोड ८१ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब १३ करोड ६५ लाख बचत परिचालन गरेको छ । संस्थाका ग्राहक सदस्यहरुलाई ब्यवसायिक रुपमा ब्यवसाय गर्न थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका पाल्पा छहरा शाखाका प्रमुख दर्लामीले जानकारी गराएका थिए । तालिमको संचालन दामोदर गैरेले गरेका थिए ।